बैठक संख्या : ०८२/०८३/१०

आज मिति २०८२/०९/२१ गते सोमबारका दिन यस माथागढी गाउँपालिकाका अध्यक्ष श्री यम बहादुर चिदी ज्यूको अध्यक्षतामा देहायका कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा निम्न प्रस्ताव उपर छलफल गरी निर्णय लिनका लागि गाउँ कार्यपालिकाको बैठक बसियो ।

समय : बिहान :११.३० बजे ।

स्थान : गाउँ कार्यपालिका भवन, झडेवा, पाल्पा ।

उपस्थिति :

| सि.न. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री यम बहादुर चिदी | अध्यक्ष | |
| २. | श्री विष्णु माया लुङ्चे | उपाध्यक्ष | |
| ३ | श्री राजकुमार पन्थी | सदस्य | अनुपस्थित |
| ४. | श्री बोम बहादुर ठाडा | सदस्य | |
| ५. | श्री तेज बहादुर घर्ति मगर | सदस्य | |
| ६ | श्री शंकर दर्लामी | सदस्य | |
| ७. | श्री गणेशमान गाहा | सदस्य | |
| ८. | श्री युब बहादुर ठाडा मगर | सदस्य | |
| ९. | श्री जंग बहादुर दर्लामी | सदस्य | |
| १०. | श्री दिल बहादुर ढेगा | सदस्य | अनुपस्थित |
| ११. | श्री तुलसा न्यौपाने | सदस्य | |
| १२. | श्री मंगली कुमाल | सदस्य | |
| १३. | श्री रुकुमी सुनारी | सदस्य | |
| १४. | श्री लिला सरा चिदी | सदस्य | |
| १५. | श्री पुर्ण बहादुर सुनार | सदस्य | |
| १६. | श्री भिम कुमारी परियार | सदस्य | |
| १७. | श्री सुन्दर प्रसाद श्रेष्ठ | सचिव | |
| | आमन्त्रितः | | |
| १८. | श्री जित कुमारी ढेगा | | |
| १९. | श्री टिकाराम बस्याल | | |
| २०. | रुपम बहादुर ढेगा | का.स. | |
| | | | |
| | | | |

# कार्यपालिकाको दसौं बैठकको प्रस्ताव तथा निर्णयहरु:-

मिति २०८२/०९/२१

प्रस्तावहरु:-

१. अघिल्लो वैठकको निर्णय कार्यान्वयनको समिक्षा सम्बन्धमा।
२. आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदाही विधेयक २०८२ सम्बन्धमा।
३. बेरुजु फस्यौट कार्यविधि २०८२ सम्बन्धमा।
४. जनतासँग माथागढी कार्यविधिको संशोधन सम्बन्धमा
५. गाउँपालिकाको आ.व २०८२/०८३ को प्रगति प्रतिवेधन सम्बन्धमा।
६. करार कर्मचारीको म्याद थप सम्बन्धमा।
७. उत्कृष्ट कर्मचारी सम्मान तथा पुरस्कार सम्बन्धमा।
८. उत्कृष्ट कृषक सम्मान तथा पुरस्कार सम्बन्धमा।
९. योजना परिवर्तन, रकमान्तर तथा नयाँ योजना थप सम्बन्धमा।
१०. विविध।

निर्णयहरु:-

१. गाउँकार्यपालिकाको यस अघिको वैठकबाट भएका निर्णय कार्यान्वयन सम्बन्धमा वैठकमा छलफल गरियो। कार्यान्वयन गर्न बाँकी रहेका निर्णयहरु शिघ्र कार्यान्वयन गर्ने गराउने सर्वसम्मतिले निर्णय गरियो।
२. माथागढी गाउँपालिकाको आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायी विधेयक २०८२ सम्बन्धमा छलफल गरी वैठकद्वारा पारित गर्ने सर्वसम्मतिले निर्णय गरियो। उक्त विधेयक गाउँसभाको १८ औं अधिवेशनमा निर्णयार्थ पेश गर्ने निर्णय गरियो।
३. माथागढी गाउँपालिकाको बेरुजु फस्यौट कार्यविधि २०८२ सम्बन्धमा छलफल गरी सर्वसम्मतिले पारित गरियो।
४. माथागढी गाउँपालिकाको जनतासँग माथागढी कार्यविधिमा संशोधन गर्ने विषय छलफल गरी संशोधन गर्ने सर्वसम्मतिले निर्णय गरियो।
५. माथागढी गाउँपालिकाको आ.व २०८२/०८३ को हालसम्मको प्रगति प्रतिवेदनमा बैठकमा छलफल गरी सर्वसम्मतिले पारित गरियो। सो प्रतिवेदन गाउँसभाको १८ औं अधिवेशनमा प्रमुख प्रशासकिय अधिकृतबाट पेश गर्ने/गराउने सर्वसम्मतिले निर्णय गरियो।
६. माथागढी गाउँपालिकामा हालसम्म कार्यरत रहेका करार सेवाका कर्मचारीहरुको म्याद २०८२ पौष मसान्तमा समाप्त हुने भएकोले पुनः म्याद सम्बन्धमा बैठकमा छलफल गरियो। हाल

कार्यरत सबै कर्मचारीहरुको म्याद थप गर्ने सर्वसम्मतिले निर्णय सहित गाउँसभाको १८ औं अधिवेशनमा निर्णयार्थ पेश गर्ने सर्वसम्मतिले निर्णय गरियो।

७. गाउँसभाको १८ औं अधिवेशनमा उत्कृष्ट कर्मचारी सम्मान तथा पुरस्कार गर्न गठित सिफारिस समितिबाट सिफारिस गरिएका देहायका कर्मचारीहरुलाई नगद रु.१००००/-(दस हजार मात्र) पुरस्कार, सम्मान पत्र र दोसल्लाले सम्मान गर्ने सर्वसम्मतिले निर्णय गरियो।

| क्र.स | नाम, थर | पद | कार्यरत कार्यालय |
|---|---|---|---|
| १ | ज्ञानेन्द्र खडका | सब ईन्जिनियर | रुप्से वडा कार्यालय |
| २ | दर्शन सारु | कम्प्युटर अपरेटर | माथागढी गाउँपालिका कार्यालय |
| ३ | सुनिता सारु | सि.अ.हे.व | रुप्से स्वास्थ्य चौकी |
| ४ | बालकृष्ण घर्ती मगर | का.स | झडेवा वडा कार्यालय |

८. माथागढी गाउँपालिका क्षेत्रका उत्कृष्ट कृषक सम्मान तथा पुरस्कार सम्बन्धमा कृषि तथा पशु सेवा शाखाबाट सिफारिस भई आएका देहाय बमोजिमका कृषकहरुलाई नगद रु.५०००/- (पाँच हजार मात्र), सम्मान पत्र सहित गाउँसभाको १८ औं अधिवेशनमा सम्मान गर्ने सर्वसम्मतिले निर्णय गरियो।

| क्र.स | नाम, थर | वडा नं. | कैफियत |
|---|---|---|---|
| १ | ईश्वर बहादुर वि.क | १ | तरकारी खेति |
| २ | कृष्ण प्रसाद कोइराला | २ | तरकारी खेति |
| ३ | सन्तोषी कुमाल | ३ | पशु पालन |
| ४ | देव बहादुर बराल | ४ | तरकारी खेति |
| ५ | खेम बहादुर दर्लामी | ५ | पशु पालन |
| ६ | धन बहादुर घर्ति मगर | ६ | पशु पालन |
| ७ | चन्द्र बिर सारु | ७ | तरकारी खेति |
| ८ | पूर्ण बहादुर झेडी | ८ | पशु पालन |

९. माथागढी गाउँपालिकाको आ.व २०८२/०८३ को योजना परिवर्तन, रकमान्तर तथा नयाँ योजना थप सम्बन्धमा छलफल गरी देहाय बमोजिम गर्ने/गराउने सर्वसम्मतिले निर्णय गरियो।

१०.माथागढी गाउँपालिका कार्यालय र वडा कार्यालयहरुमा कार्यरत भौतिक पूर्वाधार विकास शाखा अन्तर्गतका प्राविधिक कर्मचारीहरु कार्यालय समय बाहेक पनि अहोरात्र फिल्डमा खट्नु/खटाउनु पर्ने भएकोले प्रोत्साहन स्वरुप निजहरुलाई फिल्ड भत्ता उपलब्ध गराउन वान्छनिय भएकोले माथागढी गाउँपालिकाको भौतिक पूर्वाधार विकास शाखा अन्तर्गत कार्यरत प्राविधिकहरुको फिल्ड भत्ता सम्वन्धी कार्यविधि, २०८२ सर्व सम्मतिले पारित गर्ने निर्णय गरियो।